# छापामा बलात्कारका घटना : सामाजिक विशेषता र कारक तत्त्वहरूको विश्लेषण

पुष्पराज राई, उपप्राध्यापक
समाजशास्त्र विभाग, पाटन संयुक्त क्याम्पस, पाटनढोका, ललितपुर

**लेखसार**

*बलात्कारका घटना सामाजिक अपराधमध्येको एक भयावह र कलङ्कित अपराध हो । नेपाली समाजमा यो दिनानुदिन बढ्दै गएको तथ्याङ्कले देखाउँछ । छापामा बलात्कारसम्बन्धी लेख तथा समाचारहरू पढ्न, सुन्न र देख्न सकिन्छ तर यी बलात्कारका घटनाहरू दैनिक पत्रिकाहरूमा कुन मात्रामा छापिएका छन् भन्ने बारे अध्ययन अनुसन्धान पर्याप्त नभएको अवस्था छ । यस सन्दर्भमा यो लेखले कान्तिपुर दैनिकमा बलात्कारसम्बन्धी छापिएका समाचार तथा लेखको अन्तर्वस्तु विश्लेषण गर्छ । छापिएका समाचार तथा लेखमा पीडक तथा पीडितका सामाजिक विशेषताहरू र बलात्कारका घटनाका कारण वर्णन गर्नु यस लेखको मूल उद्देश्य हो । यसका लागि ६ महिनाका कान्तिपुर दैनिक पत्रिकामा छापिएका बलात्कारका घटनासम्बन्धी समाचार तथा लेखहरूलाई सङ्कलन गरिएको छ । सङ्कलित समाचार र लेखहरूको अन्तर्वस्तु विश्लेषण गरी प्राप्त सूचनाका आधारमा निष्कर्ष निकालिएको छ । चार वर्षका बालिकादेखि त्रिचालिस वर्षसम्मका महिला बलात्कारका सिकार भएका छन् । झापा जिल्ला बलात्कारका घटनाका लागि उच्च तहमा देखिन्छ । मादक पदार्थ सेवन बलात्कारको प्रमुख कारण भएको छ ।*

**शब्द कुञ्चिका :** बलात्कारको प्रकार, पीडित र पीडकको सामाजिक विशेषता, कानुनी कारबाही, बलात्कारको माध्यम, बलात्कारको कारण ।

**पृष्ठभूमि**

वर्तमान नेपाल समृद्ध नेपाल सुखी नेपाली दूरदृष्टिलाई साकार पार्न प्रयासरत छ । यो दूरदृष्टि प्राप्तिका लागि थुप्रै चुनौतीहरू छन् । सामाजिक अपराधका घटनाहरूले सामाजिक व्यवस्था सुचारु गर्न अवरोध गर्छन् । सामाजिक आदेशहरूको उल्लङ्घन भई समाज अस्तव्यस्त बन्छ । यीमध्ये अति गहिरोसँग लुकेको चुनौती बलात्कारका घटनाहरूलाई निर्मूल गर्नु हो । बलात्कारका घटनाहरूलाई निर्मूल नगरी सुखी नेपाली बन्न सकिँदैन । यसैले यो लेखलाई बलात्कारका घटनामा केन्द्रित गरिएको छ । बलात्कार एक अनैतिक तथा अनिच्छित यौनसम्बन्ध हो र यसलाई अपराधका रूपमा मानिँदै आएको छ । सहमति र स्वीकृत बिना यौनेच्छा तृप्तिका लागि बलजफती र जब्बरजस्ती गरी करणी गर्नु भनेको बलात्कार हो । मुलकी ऐन २०७४ मा जबरजस्ती करणीको महलमा १६ वर्ष नपुगी सहमतिमै करणी गरिएको भए पनि बलात्कार मानिने व्यवस्था रहेको छ । असहमतिमा भएका यौनजन्य क्रियाकलापहरू सबै बलात्कार मानिन्छ ।

त्रासदीजन्य बलात्कारका घटनाहरू छापामा पढ्न र सुन्न पाइन्छन् । सामाजिक सञ्जाल र छापाहरूमा बलात्कारका घटनाहरू यदाकदा देख्न र पढ्न सकिन्छ । नेपालको सुदूर पश्चिमको बलात्कार जस्तै निर्मला पन्त बलात्कार र हत्या घटना त राष्ट्रिय बहसको विषय बन्यो । आफन्तबाट नै बलात्कारका घटनाहरू घटित हुन्छ भनेर कसैले सोचेका हुँदैनन् । तर अध्ययन अनुसन्धानले बलात्कारका घटना हुने ठाउँ त घरपरिवार र घरपरिवारका पुरुष सदस्यहरूबाट भएका छन् (वार्ड, १९८२) । छिमेकी सहपाठी, साथी, शिक्षक, कर्मचारी बलात्कारीका रूपमा प्रस्तुत भई बलात्कारका घटनाहरू घटित हुन्छन् भनी उल्लेख गरिएको छ । सेनेडा (२००१) को लेखमा केन्याका विद्यालयहरू बलात्कारका साझा थलोका रूपमा प्रस्तुत गरिएको

छ । सन् १९९१ मा ७१ जना विद्यालय छात्राहरूलाई सामूहिक बलात्कार गर्दा १९ छात्राहरूको मृत्यु भएको थियो । क्यानडामा पनि एक तिहाइ छात्राले विद्यालयमा यौन हिंसाको सिकार बन्नुपरेको देखाइएको छ (बाग्ली र अन्य, १९९७) । के विकसित, के अविकसित सबै मुलुकमा केही न केही रूपमा विद्यालयमा यौनजन्य अपराध भइरहेका छन् । यी बलात्कारका घटनाहरू कसरी आइरहेका छन् ? कस्तो रूपमा आएका छन् ? कति मात्रामा आइरहेका छन् ? ककसले बलात्कार गरिरहेका छन् भन्ने जिज्ञासा तथा कौतूहलमा यो आलेखलाई केन्द्रित गरिएको छ । यी अनुसन्धान प्रश्नहरूको उत्तर दैनिक पत्रिकामा छापिएका बलात्कारका घटनाहरू सम्बन्धी लेख तथा समाचारहरूको अन्तर्वस्तु विश्लेषण गरी लिन खोजिएको छ । यस्ता घटनाहरूले पीडितमा शारीरिक, मानसिक, शैक्षिक रूपमा गहिरो असर पारिरहेका हुन्छन् । यसबारे अनुसन्धान अति सान्दर्भिक हुन्छ । नीति निर्माणका लागि पनि प्रस्तुत अध्ययन आवश्यक देखिन्छ । यसको प्रमुख उद्देश्य पत्रिकामा छापिएका समाचार तथा लेखहरूको आधारमा बलात्कारका घटनाहरू वर्णन गर्नु हो । यसका लागि नेपालका प्रमुख राष्ट्रिय दैनिक पत्रिका कान्तिपुर दैनिकलाई उद्देश्यपूर्ण रूपमा छनोट गरिएको छ ।

**समस्या कथन**

नेपालमा वर्षैपिच्छे बलात्कारका घटना बढ्दै गएको देखिन्छ । एबिसी नेपाल टिभीले प्रस्तुत गरेको पोस्टमा नेपाल प्रहरीको तथ्याङ्कमा बलात्कारका घटना नेपाली समाजमा बढ्दै गएको देखाइएको छ, जुन आर्थिक वर्ष २०७३/०७४ मा ३०% ले बलात्कार घटना बढेको छ । २०७१/०७२ मा बलात्कारका घटना ९८१ थियो । २०७२/०७३ मा ९६३ र २०७३/०७४ मा १००१ वटा र २०७४/०७५ मा १४८३ वटा भएका थिए । विशेष गरी ११ वर्ष देखि १६ वर्ष उमेर समूहका बालिकाहरू बलात्कृत भए (एबिसी नेपाल टिभी) । बढ्दै गएको बलात्कारका घटनाहरूबारेमा अध्ययन अनुसन्धानको अभाव भइरहेको अवस्था छ । नेपालमा महिला सशक्तीकरण, मूलप्रवाहीकरण तथा समावेशीका कार्यक्रमहरू भइ नै रहेका छन् । तर पनि स्त्रीहरूको बलात्कारसम्बन्धी घटनाहरूलाई लिएर अध्ययन अनुसन्धान तथा नीतिहरू पर्याप्त मात्रामा नबनेका सन्दर्भमा यो अध्ययनलाई बलात्कारसम्बन्धी छापिएका सूचनाहरूको विश्लेषणमा केन्द्रित गरिएको छ । सामाजिक अध्ययन अनुसन्धानमा बलात्कार जल्दो बल्दो विषय बन्दै आएको छ । स्त्रीहरू बलात्कारका घटनाबाट पीडित हुनुपर्ने र पीडक पुरुष हुनुपर्ने सन्दर्भमा सामाजिक बुनोटका खास भूमिका रहेको देखिन्छ । घरभित्र, छाउगोठ, छिमेकमा बलात्कृत भई नारकीय जीवन भोग्नुपर्ने स्त्रीहरूलाई निश्चित सामाजिक परिवेश तथा सांस्कृतिक परिवेशले झन् बलात्कार गरिरहेको हुन सक्छ । यससम्बन्धी प्राज्ञिक अध्ययन अनुसन्धान आवश्यक भएकाले यो लेखलाई बलात्कारसम्बन्धी छापिएका सूचनाको अन्तर्वस्तु विश्लेषण गर्न सान्दर्भिक ठानिएको छ ।

यस लेखको मुख्य अनुसन्धान प्रश्न कान्तिपुर दैनिकमा बलात्कारसम्बन्धी सूचनाहरू के कस्ता छापिएका छन् भन्ने हो । ती लेख तथा समाचारमा उल्लेख भएका बलात्कार पीडक तथा पीडित कस्ता सामाजिक विशेषताका छन् र के कारणले बलात्कारका घटना भए भन्ने हो ।

यस लेखको मुख्य उद्देश्य भनेको कान्तिपुर दैनिक (२०७७ साल असार १ गतेदेखि मङ्सिर ३० गतेसम्म) मा छापिएका बलात्कारसम्बन्धी सूचनाको अन्तर्वस्तु विश्लेषण गर्नु हो । बलात्कारको प्रकार, पीडित र पीडकको सामाजिक विशेषताहरू, बलात्कार घटनाका लागि माध्यम, बलात्कारीलाई कानुनी कारबाही, बलात्कारको कारण आदिको विश्लेषण गर्नु यस लेखको विशिष्ट उद्देश्यहरू हुन् ।

**अनुसन्धान विधि**

उद्देश्यमूलक नमुना छनोट प्रयोग गरी कान्तिपुर दैनिक पत्रिकालाई अध्ययन क्षेत्रका रूपमा छनोट गरिएको छ । कान्तिपुर दैनिक पत्रिका निजी क्षेत्रको रूपमा स्थापित पुरानो दैनिक पत्रिका तथा बजारका

सन्दर्भमा धेरै क्षेत्रलाई ओगट्न सफल भएकाले यसलाई अनुसन्धान क्षेत्रका रूपमा छनोट गरिएको हो । यस लेखका लागि वर्णनात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ । तथ्याङ्कको प्रकृति विशेष गरी सङ्ख्यात्मक रहेको छ । २०७७ असार १ गतेदेखि मङ्सिर ३० गतेसम्म छापिएका कान्तिपुर दैनिकका सबै पानाहरूबाट बलात्कारसम्बन्धी समाचार तथा लेखहरूको टिपोट गरी आइबिएम एसपिएसएस भर्सन २५ मा सूचना राखी वर्णनात्मक तथ्याङ्कबाट फ्रिक्वेन्सी निकालिएको छ । केही चलहरूको क्रसटयाबका आधारमा विश्लेषण गरिएको छ । कान्तिपुर दैनिकका ६ महिना (२०७७ साल असार १ गतेदेखि मङ्सिर ३० गतेसम्म) बाहेकका अन्य महिनामा छापिएका बलात्कारका घटनासम्बन्धी सूचनाहरू यसमा समावेश गरिएका छैनन् । अन्य दैनिक पत्रिकाहरूमा प्रकाशित समाचार तथा लेखहरूलाई यस आलेखमा समेट्न सकिएको छैन । कान्तिपुर दैनिक पत्रिकाको पनि छ महिनासम्म प्रकाशित समाचार तथा लेखहरूको मात्र अन्तर्वस्तु विश्लेषण गरिएका हुनाले यस अध्ययनको निष्कर्ष केही स्थान र समयका लागि मात्र मान्य हुन सक्छ । यस अध्ययनमा पीडक भन्नाले बलात्कार गर्ने व्यक्तिलाई बुझाउँछ भने पीडित भन्नाले बलात्कृत हुने व्यक्तिलाई बुझाउँछ । यसै गरी सूचना भन्नाले लेख र समाचारलाई बुझाउन प्रयोग गरिएको छ ।

**सैद्धान्तिक बहसमा बलात्कार**

मनोवैज्ञानिकहरूद्वारा सर्वप्रथम बलात्कारलाई सैद्धान्तिक आधारमा विश्लेषण गरेको पाइन्छ । व्यक्तित्वमा खोट देखा पर्नु र उसको संवेगमा अवरोध हुने कारणले पुरुषले महिलालाई बलात्कार गर्छ (थिओ, सन् २०१०) । पूर्वमनोवैज्ञानिक सिद्धान्तहरूमा बलात्कारलाई हिंसात्मक कार्यभन्दा पनि यौनिक कार्यका रूपमा बढी व्याख्या र विश्लेषण गरिएको पाइन्छ । मनोवैज्ञानिक सिद्धान्तकार थिओ (सन् २०१०) ले यौन अपर्याप्ततालाई बलात्कारका कारक तत्त्व मानेका छन् । स्कुली (सन् १९९०) ले मानसिक समस्याका कारण बलात्कार हुने कुरा उल्लेख गरेका छन् भने ब्येरडेन र ग्रिअर (सन् २०११) ले यौनक्षुधा तथा यौन आवश्यकता तृप्ति, पुंसत्वहरणको चिन्ता आदिले बलात्कार हुन्छ भनेका छन् । महिलाको प्राकृतिक रूपमा यौनिक आकर्षण तथा यौनिक प्राणी भएकाले बलात्कार हुन्छ भन्ने मनोवैज्ञानिकहरूको मान्यता थियो जसमा अमिर (सन् १९७१) ले महिला पनि बलात्कारको घटना घटाउनका लागि परिपूरक साथी हुन्छ भन्ने तर्क अघि सारेका थिए ।

सेकेन्ड वेभको महिलावादी आन्दोलनले बलात्कारलाई सैद्धान्तिक बहसको केन्द्रबिन्दुमा राखी बलात्कारका अनुभवहरू प्रचारप्रसार गरे । यो प्रचारप्रसार सञ्चेतना उच्च रहेका समूहमा व्यापक रूपमा प्रचार प्रसार भयो । ब्रोनमिलर त महिलाहरूले सामूहिक रूपमा बलात्कारलाई प्रतिकार गर्न महिलावादी आन्दोलनको जन्म भएको ठान्छन् । पूर्वमहिलावादीहरूले बलात्कारलाई महिलामाथिको सामाजिक नियन्त्रणका रूपमा मान्थे । क्रान्तिकारी महिलावादीहरूले भने बलात्कार शक्ति र नियन्त्रणका कारण हुन्छ भन्ने तर्क अघि सार्छन् । बलात्कारका घटनाहरू यौनका कारणले भन्दा पनि पितृसत्ताको शक्ति र नियन्त्रणका कारण हुने गर्छन् । पितृसत्तात्मक संरचनालाई ध्वस्त बनाएपछि महिला बलात्कारका घटना नियन्त्रण हुन्छ (सौलनिअर, सन् १९९६) । बलात्कार एक राजनीतिक शक्तिका कारणले हुने कुरा म्यानहाट र रश (सन् १९७४) ले गरे ।

उदारवादी महिलाहरूले संरचना बिस्तारै सुधार गर्दै जाँदा बलात्कारका घटनाहरू नियन्त्रण हुने कुरा उल्लेख गरे । पछिल्ला मनोवैज्ञानिक सिद्धान्तकारहरूले बलात्कारीलाई आशयका आधारमा तीन प्रकारमा बाँडेका छन् जस्तै : रिसाहा बलात्कारी, शक्तिवाल बलात्कारी र परपीडक बलात्कारी । सन् १९९९ मा नाइटले बलात्कार गर्न उत्प्रेरित गर्ने चार तत्त्वलाई मानेका छन् जस्तै : बलात्कारका लागि उपयुक्त अवसर, चरम आक्रोश, यौन सन्तुष्टि, प्रतिशोधी भावना आदि । मनोवैज्ञानिकहरूले पनि एकपक्षीय तत्त्वलाई जोड दिन्छन् भने केहीले बहुपक्षीय तत्त्वलाई मानेका छन् ।

ब्रोनमलिरले पनि बलात्कार महिलामाथिको नियन्त्रण र पुरुष शक्ति कायम राखिराख्ने कार्य हो भनी तर्क अघि सारे । सामुहिक बलात्कारमा त झन् पुरुषले स्त्रीको सम्पूर्ण शरीरको नियन्त्रण गर्छ र फाइदा लिन्छ । यसर्थ यो पुरुषहरूको स्त्रीहरू माथिको महान् विजयका रूपमा सामुहिक बलात्कारलाई मानिन्छ (ब्रोनमिलर, सन् १९७५) ।

हार्किन्स र डिक्सनले बहुपक्षीय तत्त्वका कारण बलात्कार हुन्छ भन्ने कुरालाई अगाडि सारेका छन् । व्यक्ति, सामाजिक सांस्कृतिक वातावरण, तत्कालीन परिस्थिति तथा परिवेश आदिका कारणले बलात्कारका घटनाहरूलाई प्रश्रय दिन्छ । व्यक्ति पिच्छे व्यक्तिगत विशेषताहरू फरकफरक पाउन सकिन्छ । उसको व्यक्तित्वसम्बन्धी गुण, व्यक्तित्व विकास, यौन कार्यमा प्राथमिकता आदि कुरा व्यक्तिगत कुराहरूमा पर्छन् । यी कुराहरूले बलात्कार कार्यमा प्रभाव पारिरहेका हुन्छन् । कुनै व्यक्तिमा यौन आक्रामकता तथा कामुकतापन बढी छ भने ऊ बलात्कार कार्य गर्न उद्यत हुन्छ । विचलित यौन चाहना र नेतृत्वदायी गुण छ भने ऊबाट पनि बलात्कार हुन सक्ने जोखिम रहन्छ (हार्किन्स र डिक्सन, सन् २०१३) ।

सामाजिक तथा सांस्कृतिक विशेषताहरूले पनि बलात्कारका घटनाहरूलाई प्रभाव पारिरहेका हुन्छन् । निश्चित उमेर, जातजाति, धर्म समूह, शिक्षा, पारिवारिक पृष्ठभूमि आदिले पनि बलात्कार कार्यमा संलग्न हुनका लागि उत्प्रेरित गर्छ । हार्किन्स र डिक्सन सन् २०१३ का अनुसार सामाजिक तथा सांस्कृतिक विशेषताहरूमा महिलाप्रतिको मूल्यमान्यता, विश्वास, पुराकथा आदि बलात्कार कार्यका लागि प्रभावित पार्ने तत्त्वहरू हुन् । स्यान्डी (सन् २००७) ले बलात्कारजन्य संस्कारलाई विशेष जोड दिएका छन् । सामाजिक तथा सांस्कृतिक पक्षले यौन हिंसा तथा बलात्कारजन्य घटनालाई निषेध तथा बहिष्करण गर्न नसक्दा बलात्कारजन्य संस्कारको विकास हुन्छ । बलात्कारजन्य संस्कार उच्च हुँदा बलात्कार घटनाहरू बढी घटित हुन्छन् । लोन्सवे र फ्रिजगेराल्ड (सन् १९९४) का अनुसार बलात्कारसम्बन्धी पुराकथाहरूले पनि बलात्कार कार्यमा उत्प्रेरित गरिरहेका हुन्छन् । यी पुराकथाहरूमा सत्यताको कमी भए तापनि यौन हिंसाका लागि उत्तेजक तत्त्व बन्न सक्छन् । स्त्री विरुद्धको यौन शोषणहरूमा यी पुराकथाहरूले दह्रो गरी जरा गाडेर बसेका हुन्छन् । यसै गरी पितृसत्तात्मक विश्वास तथा मान्यताले पनि स्त्रीमाथि बलात्कारका घटना हुन्छ । पितृसत्तात्मक विश्वास र वैरत्वपूर्ण प्रवृत्तिले स्त्रीमाथि यौन हिंसा वा बलात्कार हुन जान्छ (बोअर्जिअस, सन् १९९६) ।

**नेपालमा बलात्कारसम्बन्धी कानुनी व्यवस्था**

मुलुकी अपराध (संहिता) २०७४ ले परिच्छेद १८ करणीसम्बन्धी कसूरमा दफा २१९ मा जबरजस्ती करणी गर्न नहुने उल्लेख गरेको छ । बिना मन्जुरी र मन्जुरी भए पनि १८ वर्ष भन्दा कम उमेरका स्त्रीसँग करणी गरेमा जबरजस्ती करणी गरेको मानिन्छ । करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्क्यानमा पारी वा अपहरण गरी लिएको मन्जुरी मान्य हुँदैन । होस नभएको अवस्थामा लिएको मन्जुरी मान्य हुँदैन । यदि कसैले कुनै स्त्रीलाई जबरजस्ती करणी गरेमा कैद सजाय भोग्नुपर्ने हुन्छ । १० वर्षभन्दा कम उमेरकी बालिका करणी गरेमा १६ देखि २० वर्ष, १० देखि १४ वर्षकी बालिकालाई करणी गरेमा १६ वर्ष, १४ वर्षदेखि १६ वर्षीया बालिकालाई करणी गरेमा १२ देखि १४ वर्ष, १६-१८ वर्षकी बालिकालाई करणी गरेमा १० देखि १२ वर्षसम्म र १८ वर्षमाथिका महिलालाई करणी गरेमा ७ देखि १० वर्ष कैद सजाय भोग्नुपर्छ । यदि कुनै पनि पुरुषले जबरजस्ती करणी गरेर हत्या गरेमा जन्मकैद सजाय हुन्छ (नेपाल कानुन आयोग, २०७४) । जबरजस्ती करणी गर्नेलाई कैद सजाय ज्यादै न्यूनतम भएको देखिन्छ । उमेरका आधारमा भन्दा पनि बलात्कारको प्रकृति, बलात्कारको गम्भीरतालाई ध्यानमा राखी कैद सजाय तोक्न आवश्यक हुन्छ ।

**छापामा बलात्कार घटनासम्बन्धी छापिएका सूचना**

यस उपशीर्षकमा कान्तिपुर दैनिकबाट लिएका सूचनाहरूलाई विश्लेषण गरिएको छ । छापिएको

पृष्ठसङ्ख्या, छापिएको महिना, बलात्कार घटना घटेको जिल्ला, बलात्कारीको उमेर बलात्कारीलाई कानुनी कारबाही, सूचनाको प्रकार जातजाति, बलात्कारको कारण, बलात्कारको माध्यम आदिबारे वर्णन गरिएको छ ।

तालिका १, *कान्तिपुर दैनिकमा बलात्कारसम्बन्धी छापिएको सूचनाको पृष्ठ नम्बरका आधारमा विवरण*

| छापिएको पृष्ठ | बलात्कारसम्बन्धी समाचार सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १ | १० | १९.२ |
| २ | १ | १.९ |
| ३ | २ | ३.८ |
| ४ | १२ | २३.१ |
| ५ | ४ | ७.७ |
| ६ | १ | १.९ |
| ७ | ७ | १३.५ |
| ८ | १ | १.९ |
| १३ | २ | ३.८ |
| १४ | ७ | १३.५ |
| १५ | ३ | ५.८ |
| १७ | २ | ३.८ |
| जम्मा | ५२ | १००.०० |

२०७७ साल असार १ गतेदेखि मङ्सिर ३० गतेसम्मका कान्तिपुर दैनिक पत्रिका ।

तालिका १ मा उल्लेख भएको तथ्याङ्कले बलात्कारसम्बन्धी छापिएका सूचनाहरूको पृष्ठ नम्बरलाई देखाउँछ । पृष्ठ नम्बरको विभाजनले सूचनालाई दैनिक पत्रिकामा कति भार तथा महत्त्व दिइएको छ भन्ने कुरालाई उल्लेख गर्दछ । कान्तिपुर दैनिक पत्रिकाको विभिन्न पृष्ठमा बलात्कारसम्बन्धी छापिएका सूचनामध्ये पृष्ठ सङ्ख्या ४ मा अधिक बलात्कारसम्बन्धी सूचना छापिएको छ । अगाडिको पृष्ठ अर्थात् पृष्ठ सङ्ख्या १ मा बलात्कारसम्बन्धी समाचार १९.२% छापिएको छ । यसले बलात्कारका सूचनाले भार तथा महत्त्व पाएको भन्न सकिन्छ । कुल छापिएका सूचनामा पृष्ठ १ मा छापिएको सूचनाले दोस्रो दर्जा ओगट्न सफल भएको छ ।

तालिका २, *बलात्कारसम्बन्धी छापिएको सूचनाको महिनाको आधारमा विवरण*


| महिना | बलात्कारसम्बन्धी छापिएको सूचना सङ्ख्या | प्रतिशत |
|---|---|---|
| असार | १ | १.९ |
| साउन | ४ | ७.७ |
| भदौ | १७ | ३२.७ |
| असोज | १६ | ३०.८ |
| कार्तिक | १२ | २३.१ |

| | | |
|---|---|---|
| मङ्सिर | २ | ३.८ |
| जम्मा | ५२ | १००.०० |

२०७७ साल असार १ गतेदेखि मङ्सिर ३० गतेसम्मका कान्तिपुर दैनिक पत्रिका ।

तालिका २ ले असारदेखि मङ्सिरसम्म ६ महिनामा छापिएका कान्तिपुर दैनिक पत्रिकामा बलात्कारसम्बन्धी सूचनालाई प्रस्तुत गरेको छ । भदौ महिनामा सबैभन्दा बढी बलात्कारसम्बन्धी समाचार तथा लेख छापिएको देखिन्छ । सबैभन्दा कम असार महिनामा बलात्कार घटनासम्बन्धी समाचार तथा लेख छापिएको छ । बलात्कारसम्बन्धी समाचार तथा लेख धेरै छापिएको दोस्रो महिनाका रूपमा असोज महिना परको छ । कुल बलात्कारका घटनासम्बन्धी समाचार तथा लेखमा भदौ महिना ३२.७%, असोज महिना असोज महिनामा ३०.८, कार्तिक महिना २३.१%, मङ्सिर महिना ३.८% समाचार तथा लेख छापिएका छन् ।

बलात्कारसम्बन्धी छापिएका सूचनामा बलात्कार घटना भएको जिल्ला पनि महत्त्वपूर्ण हुन्छ । कुन जिल्लामा बलात्कारका घटनाहरू भइरहेका छन् भन्ने सूचना दिने भएकाले तलको चित्रमा बलात्कारसम्बन्धी छापिएका सूचनाको जिल्लागत विवरण दिइएको छ ।




चित्र १, *बलात्कारसम्बन्धी छापिएका सूचनाको जिल्लागत विवरण*

२०७७, असार १ – मङ्सिर ३० गतेसम्मका कान्तिपुर दैनिक पत्रिका ।

चित्र नं. १ अनुसार झापा जिल्लामा सबैभन्दा धेरै बलात्कारका घटनाहरू छापामा आएको देखिन्छ जसको अंश १७.३% रहेको छ । दोस्रो स्थानमा कञ्चनपुर र मकवानपुर जिल्लाहरूले ओगटेका छन् । कुल बलात्कारका घटनाहरूमध्ये दुबै जिल्लाहरूमा ९.६% बलात्कारका घटनाहरू घटित भएका छन् ।

पीडितहरूको उमेर एक महत्त्वपूर्ण सूचक हो । प्रजनन उमेर नपुगेको अवस्थामा बलात्कृत भएको घटनाले अझ बलात्कारका घटनाहरू अमानवीय र त्रासदी बन्न जान्छ । कलिलो उमेरमा बलात्कृत हुनु पर्दाको पीडा अझ जघन्य अपराध हो । यसैले पीडकहरूको उमेरका आधारमा बलात्कारसम्बन्धी सूचनाहरूलाई तलका तालिकामा उल्लेख गरिएको छ ।

तालिका ३, *बलात्कारसम्बन्धी छापिएको सूचनामा उमेरका आधारमा पीडितहरूको वितरण*

| पीडितको उमेर | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ०-५ | १ | १.९२ |
| ५-१० | ८ | १५.३८ |
| १०-१५ | १९ | ३६.५४ |
| १५-२० | १६ | ३०.७७ |
| २०-२५ | २ | ३.८५ |
| २५-३० | १ | १.९२ |
| ३०-३५ | १ | १.९२ |
| ३५-४० | १ | १.९२ |
| ४०-४५ | २ | ३.८५ |
| उमेर उल्लेख नभएको | १ | १.९२ |
| जम्मा | ५२ | १००.०० |

२०७७ साल असार १ गतेदेखि मङ्सिर ३० गतेसम्मका कान्तिपुर दैनिक पत्रिका ।

तालिका ३ मा बलात्कारका पीडितहरूलाई उमेरका आधारमा वर्गीकरण गरिएको छ । विभिन्न उमेर समूहका स्त्रीहरूले बलात्कारका घटनाहरू भोग्नु परेका अवस्था देखाइएको छ । ४ वर्षदेखि ४३ वर्ष उमेरका स्त्रीहरूले बलात्कारको सामना गर्नुपरेको छ, यो ज्यादै अमानवीय कार्य हो । जैविक रूपमा यौनकार्यका लागि परिपक्व नभएका स्त्रीहरूले पनि बलात्कारबाट पीडित हुनुपरेको अवस्था छ । झन्डै पाँच भागको एक भाग स्त्रीहरूले आफ्नो शारीरिक अवस्था परिपक्व हुन नपाउँदै हिंस्रक पुरुषको बलात्कार कार्यबाट पीडित हुनु परेको अवस्था छ । कुल पीडितमध्ये १५.३८% स्त्रीहरू ५-१० उमेर समूहमै बलात्कारको सिकार हुनु परेको छ । १५ वर्षको उमेर भन्दा कममा बलात्कृत भएका स्त्रीहरू अधिक रूपमा रहेका छन् । कुल बलात्कृत स्त्रीहरूमध्ये आधाभन्दा बढी भाग अर्थात् ५३.८४% यस उमेर समूहले ओगटेको छ । यसले प्रजनन अङ्गहरूको विकास नभई तथा यौनेच्छा नहुँदानहुँदै पनि पुरुषबाट बलात्कृत हुनु परेको अवस्था छ । यसरी बालिकाहरू पीडित हुनुपर्दा उनीहरूमा सामाजिक, मनोवैज्ञानिक तथा शारीरिक असरहरू जीवनभरि परिरहने हुन्छ । सामाजिकीकरणका पक्षहरूमा नकारात्मक असरहरू पर्दै जान्छ । उनीहरूको समाजमा पुनर्मिलन हुन गाह्रो हुन्छ । पीडितहरूमा सामाजिक असरहरू जस्तै : सामाजिक मूल्यमान्यता, आदर्शले आफूलाई अलग पार्छन् भन्ने सोचाइ आउँछ । सामाजिक सम्बन्धहरू भत्कँदै गई परिवार, नातेदारी, साथीभाइ आदिमा असर पर्छ । अहेरेन र क्याम्पबेल (२०००) पीडितका परिवार, आफन्त, साथीभाइहरूलाई पनि तनाव पर्न जान्छ । समुदायले भावनात्मक रूपमा हौसला र माया गरे पीडितका मानसिक स्वास्थ्यमा बिस्तारै सुधार हुँदै जान्छ । यसर्थ पनि राज्य, समुदाय, घरपरिवारका प्रत्यक्ष सहयोग र साथ आवश्यक हुन्छ । यी पीडितहरूका बारेमा पुनर्मिलन, मानसिक तथा शारीरिक समस्याहरू निदानका बारेमा अझ संवेदनशील भई नीतिहरू निर्माण गरिनु आवश्यक हुन्छ ।

प्रभावकारी सरकारको भूमिकाले बलात्कारका घटनाहरूलाई न्यूनीकरण गर्न सकिन्छ । कानुनी कारबाहीका सूचनाले जनमानसमा सरकारप्रतिको विश्वसनीयता बढ्दै जान्छ र सुरक्षित महसुस हुन्छ ।

बलात्कारका घटनाहरूमा संलग्न हुँदा कानुनी दण्डसजाय भोग्नुपर्ने सूचना प्रवाह हुन्छ । यसैले बलात्कारसम्बन्धी छापिएका सूचनाहरूलाई पीडकहरूलाई गरिएको कानुनी कारबाही अनुसारको विवरण तलको तालिकामा दिइएको छ ।

तालिका ४, *बलात्कारसम्बन्धी छापिएका सूचनामा पीडकहरूलाई गरिएको कानुनी कारबाही अनुसारको विवरण*

| कानुनी कारबाही | पीडक सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पक्राउ परेको | ४२ | ८०.८ |
| बेपत्ता वा फरार भएको | ४ | ७.७ |
| दोषी पत्ता लगाउन नसकेको | ४ | ७.७ |
| उल्लेख नगरिएको | २ | ३.८ |
| जम्मा | ५२ | १००.०० |

२०७७ साल असार १ गतेदेखि मङ्सिर ३० गतेसम्मका कान्तिपुर दैनिक पत्रिका ।

तालिका ४ मा बलात्कारसम्बन्धी छापिएका कुल सूचनामध्ये ८०.८% लाई मात्र कानुनी कारबाही गर्न सकिएको छ । पीडक बेपत्ता वा फरार भएको अवस्थाले सरकारी निकायको भूमिका अप्रभावकारी रहेको देखिन्छ । पीडक वा बलात्कारी पत्ता लगाउन नसकिएको सूचना पनि छापिएका छन् जसको% ७.७% रहेको छ । प्रशासनिक निकाय तथा अदालतले जतिसक्दो कानुनी कारबाही गर्न सक्यो त्यति नै बलात्कारका घटनाहरू निरुत्साहित हुँदै जान्छन् । प्रशासन, प्रहरी, न्यायाधीशहरूले राजनीतिक तथा मिलेमतोमा पीडकलाई कारबाही नगर्ने हो भने बलात्कारका घटनाहरू बढ्दै जान्छन् । दोषी पत्ता लगाउन नसकेको विवरणले प्रहरी प्रशासनको फितलो सञ्जाल रहेको भन्न सकिन्छ ।

बलात्कारका घटना घटित भइसकेपछि पीडितहरूको अवस्थाले पनि बलात्कारको घटनाको भयावहतालाई अझ गहिरोसँग बुझ्न मद्दत गर्छ । यसर्थ तलको तालिका बलात्कारपछि पीडितहरूको विवरण तलका तालिकामा उल्लेख गरिएको छ ।

तालिका ५, *बलात्कारसम्बन्धी छापिएका सूचनामा बलात्कारपछि पीडितहरूको अवस्था*

| बलात्कारपछिको अवस्था | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| बलात्कारपछि हत्या | ५ | ९.६२ |
| बलात्कारपछि हत्या नभएको र गर्भरहित | ४३ | ८२.६९ |
| बलात्कारपछि गर्भधारण | ४ | ७.६९ |
| जम्मा | ५२ | १००.०० |

२०७७ साल असार १ गतेदेखि मङ्सिर ३० गतेसम्मका कान्तिपुर दैनिक पत्रिका ।

तालिका नं. ५ ले बलात्कारपछि पीडितहरूको तत्कालको अवस्थालाई बुझाउँछ । यस तालिकामा तत्काल बलात्कार पछिको अवस्था भएकाले पीडितहरूको दीर्घकालसम्मको मानसिक, शारीरिक, सामाजिक आदि प्रभावहरू उल्लेख हुन सक्तैनन् । कुल पीडितहरूमा ८२.६९% पीडितहरू बलात्कारपछि हत्या नभएको देखिन्छ । तर ९.६२% ले बलात्कारका घटना भोगिसकेपछि मृत्यु वरण गरेका छन् । यसले

बलात्कारका घटना मानव सभ्यताकै कलङ्क र क्रूर हो भन्न सकिन्छ । बलात्कार गर्दागर्दै मरेको अवस्था र बलात्कार पछि मारेको अवस्था पनि पाइन्छ । कुल पीडित मध्ये ७.६९% पीडितमा बलात्कारपछि गर्भ रहेको छ । यसले गर्दा ती पीडितहरूमा सामाजिक पुनर्मिलनसम्बन्धी दीर्घकालसम्म प्रभाव रहन सक्छ । बलात्कारपछि जीवित पीडितहरू पनि विक्षिप्त अवस्थामा पुग्छन् । उनीहरूलाई समाजमा सम्मानित र इज्जतसँग बाँच्न पाउने वातावरण नीतिगत तथा व्यावहारिक रूपमा बनाउनुपर्ने हुन्छ । उनीहरूमा रहेका मानसिक पीडालाई न्यूनीकरण गर्न सरकारी, निजी तथा सामुदायिक सङ्गठनहरूले विशेष भूमिका खेल्नुपर्ने देखिन्छ ।

तलका तालिकामा छापिएका सूचनाहरूलाई सूचनाका प्रकारका आधारमा वर्गीकरण गरिएको छ । लेखले बलात्कारसम्बन्धी विचार तथा तर्क अगाडि सार्छन् भने बलात्कारसम्बन्धी समाचारले बलात्कारको घटना घटेपछिको सम्पूर्ण विवरण दिन्छ । तलको तालिकामा बलात्कारसम्बन्धी छापिएका सूचनालाई दुई भागमा वर्गीकरण गरिएको छ ।

तालिका ६, *बलात्कारसम्बन्धी छापिएका सूचनाका प्रकारका आधारमा विवरण*

| सूचनाका प्रकार | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| बलात्कारसम्बन्धी समाचार | ४६ | ८८.५ |
| बलात्कारसम्बन्धी लेख | ६ | ११.५ |
| जम्मा | ५२ | १००.०० |

२०७७ साल असार १ गतेदेखि मङ्सिर ३० गतेसम्मका कान्तिपुर दैनिक पत्रिका ।

तालिका ६ मा कुल बलात्कारसम्बन्धी छापिएका सूचनामध्ये समाचार ४६ अर्थात् ८८.५% रहेको छ भने बलात्कारसम्बन्धी लेख ६ वा ११.५% रहेको छ । यस तथ्याङ्कले बलात्कारसम्बन्धी घटनाहरूबारे लेखहरू कम मात्रामा लेखिएको देखिन्छ । यससम्बन्धी वैचारिक लेख तथा विमर्शहरू दैनिक पत्रिकामा छापिन आवश्यक छ ।

नेपाली समाजको सामाजिक संरचनामा जातजातिको विश्लेषण नगरिँदा विश्लेषण अपूरो हुन जान्छ । कुन जातका सहभागिता रहेको छ भनी सूचना प्राप्त गर्नका लागि तलका तालिकामा बलात्कारी (पीडक)लाई जातजातिका आधारमा वर्गीकरण गरिएको छ ।

तालिका ७, *बलात्कारसम्बन्धी छापिएका सूचनामा बलात्कारीको जातजाति*

| बलात्कारीको जातजाति | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| दलित | ६ | ११.११ |
| जनजाति | ५ | ९.२६ |
| बाहुन | ४ | ७.४१ |
| क्षत्री | ३ | ५.५६ |
| तेली, साह | ३ | ५.५६ |
| महतो | २ | ३.७० |
| सहनी | १ | १.८५ |

| | | |
|---|---|---|
| मुसलमान | १ | १.८५ |
| गिरी | १ | १.८५ |
| उल्लेख नभएको | २९ | ५३.७० |
| जम्मा | ५४ | १००.०० |

२०७७ साल असार १ गतेदेखि मङ्सिर ३० गतेसम्मका कान्तिपुर दैनिक पत्रिका ।

तालिका ७ मा दलित, जनजाति र बाहुनका अन्य जातको उल्लेख नगरी समग्रमा राखिएको छ । कुल पीडकको सङ्ख्या ५४ हुनुका कारण सामूहिक बलात्कारका कारण हो । बलात्कारी वा पीडकको जातजाति उल्लेख नभएको% उच्च रहेको छ जुन ५३.७.०% रहेको छ । यसको कारण दोषी पत्ता नलगाएको, फरार भएको र जातजातिलाई महत्त्व नदिई समाचार प्रकाशित गर्नु हो । बलात्कारसम्बन्धी छापिएका सूचनामा बलात्कार गर्नेमा दलितको उपस्थिति राम्रो देखिन्छ, जसको% ११.११ रहेको छ । दोस्रो स्थानमा जनजातिको सहभागिता रहेको छ । सामाजिक स्तरीकरणमा तल पारिएका जातजाति राज्यका संयन्त्रमा पछाडि पारिएपछि अन्य कार्यमा संलग्न भएको हुन सक्छ । मादक पदार्थ बलात्कारको मुख्य कारक तत्त्वका रूपमा रहेकाले यी समुदायहरूमा मादक पदार्थ सेवन प्रचलित हुने भएकाले पनि दलित र जनजातिको सहभागिता उच्च देखिएको हुन सक्छ । यसै गरी अशिक्षा, गरिबीको मात्रा दलित जातिमा उच्च हुनुका कारण पनि बलात्कारमा सहभागी भएको हुन सक्छ ।

यसै गरी बलात्कारसम्बन्धी छापिएका सूचनामा पीडितको जातजाति पनि उल्लेख गरिएको छ । धेरैजसो सूचनाहरूमा जातजातिको उल्लेख गरिएको छैन । गोपनीयताको लागि नाम उल्लेख नगरिए तापनि जात उल्लेख गरिएको भए राम्रो हुन जान्थ्यो । तलका तालिकामा बलात्कारसम्बन्धी छापिएका सूचनामा पीडितको जातजातिलाई दिइएको छ ।

तालिका ८, *बलात्कारसम्बन्धी छापिएका सूचनामा पीडितको जातजाति*

| पीडितको जातजाति | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| दलित | २ | ३.८ |
| घिमिरे | २ | ३.८ |
| साह | १ | १.९ |
| मगर | १ | १.९ |
| के.सी. | १ | १.९ |
| चौधरी | १ | १.९ |
| उल्लेख नभएको | ४३ | ८२.७ |
| जम्मा | ५२ | १००.०० |

२०७७ साल असार १ गतेदेखि मङ्सिर ३० गतेसम्मका कान्तिपुर दैनिक पत्रिका ।

तालिका ८ अनुसार ८२.७% पीडितहरूको जात उल्लेख गरिएको छैन । दलित जात समूहका स्त्रीहरू बलात्कृत भएका छन् । घिमिरे स्त्री बलात्कृत भएको% ३.८% रहेको छ । साह, मगर, केसी, चौधरी थरका स्त्रीहरू पनि बलात्कृत भएका छन् जसका% बराबर १.९ रहेको छ ।

बलात्कार कार्यमा संलग्नहरूले बलात्कार कार्य गर्न केही न केही माध्यम अपनाएका हुन्छन् । बलात्कारसम्बन्धी छापिएका सूचनामा बलात्कार कार्यमा संलग्न हुने माध्यमको विवरण दिइएको छ ।

तालिका ९, *बलात्कारसम्बन्धी छापिएका सूचनामा बलात्कारको माध्यमको विवरण*

| बलात्कारको माध्यम | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| अपहरण | १० | १९.२३ |
| साथी | ८ | १५.३८ |
| छिमेकी | ८ | १५.३८ |
| नक्कली प्रेमी | ३ | ५.७६ |
| बलात्कारी आफैँ | १३ | २५.०० |
| उल्लेख नभएको | १० | १९.२३ |
| जम्मा | ५२ | १००.०० |

स्रोत : २०७७ साल असार १ गतेदेखि मङ्सिर ३० गतेसम्मका कान्तिपुर दैनिक पत्रिका ।

तालिका ९ मा बलात्कारको माध्यम उल्लेख नभएको समाचारको उपस्थिति नै उच्च रहेको छ । जसको% १९.२३ रहेको छ । बलात्कार कार्य गर्नुभन्दा पहिले बलात्कारको माध्यम अपहरण, छिमेकी, नक्कली प्रेमी, बलात्कारी आफैँ आदि रहेका छन् । अपहरण गरी बलात्कार गरिएको सङ्ख्या उच्च छ । १९.२३% बलात्कारको माध्यम अपहरण भएको छ । साथीको माध्यमबाट बलात्कार गरिएको घटना पनि उल्लेखनीय छ जुन १५.३८% रहेको छ । छिमेकी माध्यम बनी बलात्कार कार्यको घटना घटेको छापिएका सूचना पनि १५.३८% रहेको छ । नक्कली प्रेमको नाटक गरी बलात्कार गर्ने गरेको पनि छ । यस तथ्याङ्कले के देखाउँछ भने बलात्कार कार्य साथी, छिमेकी, नक्कली प्रेमीको जाल बुनी गर्दा स्त्रीहरूका लागि छिमेकी, साथी, प्रेमी पनि उत्तिकै खतरा हुने देखिन्छ । बलात्कारी आफैँले योजना बनाइ बलात्कार गरिएको सूचना सबैभन्दा बढी रहेको छ, जुन २५.००% छ । यसले बलात्कार कार्य व्यक्ति आफैँ नै माध्यम बनी गर्छन् भन्ने पनि देखाउँछ ।

आफन्त, छरछिमेक, तथा नाताहरूले बलात्कार कार्य गरिरहेका कुराहरू अध्ययन अनुसन्धानमा आएका छन् । आफन्तजनबाट नै बलात्कृत हुनुपर्दा स्त्रीहरूको सुरक्षित क्षेत्र र संरक्षक भन्ने नै छैन भन्दा हुन्छ । प्रत्येक पल र पाइलाहरूमा स्त्रीहरूले असुरक्षित महसुस गर्नु स्वाभाविक देखिन्छ । तलका तालिका बलात्कार गर्ने व्यक्तिसँग पीडितको नातासम्बन्धबारेमा विवरण प्रस्तुत गरिएको छ ।

तालिका १०, *बलात्कारसम्बन्धी छापिएका सूचनामा बलात्कार गर्नेसँग पीडितको नाता*

| बलात्कारीसँगको नाता | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| नचिनेको व्यक्ति | १० | १५.८७ |
| छिमेकी | ८ | १२.७० |
| साथी | ७ | ११.११ |
| बाबा, काका र हजुरबुबा | ४ | ६.३५ |
| जेठाजु तथा दाजु | २ | ३.१७ |

| | | |
|---|---|---|
| उल्लेख नभएको | ३२ | ५०.७९ |
| जम्मा | ६३ | १००.०० |

२०७७ साल असार १ गतेदेखि मङ्सिर ३० गतेसम्मका कान्तिपुर दैनिक पत्रिका ।

तालिका १० मा बलात्कारसम्बन्धी छापिएका सूचनामा बलात्कारका कारणहरूलाई प्रस्तुत गरिएको छ । पीडितको बलात्कारी सँगको नातामा नचिनेको व्यक्ति, छिमेकी, बाबा, काका र हजुरबुबा, जेठाजु, तथा दाजु र उल्लेख नभएको आदिमा वर्गीकरण गरिएको छ । ५०.७९% सूचनाहरूमा बलात्कारीसँग पीडितको नातासम्बन्धबारे केही उल्लेख गरिएको छैन । १२.७०% सूचनाहरूमा बलात्कारीसँग पीडितको नाता छिमेकी पर्ने देखिन्छ । यसको तात्पर्य छिमेकीबाट बलात्कारका घटनाहरू भएको पुष्टि हुन्छ । १५.८७% नचिनेको व्यक्तिबाट बलात्कार भएको देखिन्छ । यसै गरी बाबा, काका र हजुरबुबाबाट बलात्कार भएको% ६.३५% छ । अझ यो% बढी हुने सम्भावना हुन्छ किनभने छापिएका समाचारहरूमा कुलमध्येको आधा बलात्कारीको पीडितसँगको नातासम्बन्ध उल्लेख भएको छैन । नजिकका नातेदारबाट बलात्कृत भई पीडित हुनुपर्दा पीडा कहालीलाग्दो हुन्छ । शारीरिक बलात्कारको परिणाम सामाजिक रूपमा अझ नराम्रो सँग देखा पर्छ । समाज शिर ठाडो पारेर, मुख देखाएर हिँड्न नसक्ने अवस्था सिर्जना हुन्छ यो नै सामाजिक बलात्कार हो ।

बलात्कारसम्बन्धी छापिएका सूचनाहरूमा बलात्कार कारणहरू पनि उल्लेख गरिएको छ । केही छापिएका सूचनाहरूमा बलात्कारसम्बन्धी छापिएका सूचनामा बलात्कारको कारण उल्लेख गरिएको देखिँदैन । तलका तालिकामा बलात्कारसम्बन्धी छापिएका सूचनामा बलात्कारको कारणलाई प्रस्तुत गरिएको छ ।

तालिका ११, *बलात्कारसम्बन्धी छापिएका सूचनामा बलात्कारको कारण*

| बलात्कारको कारण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| मादक पदार्थ सेवन | १२ | २३.१ |
| यौन उत्तेजना बढी | ६ | ११.५ |
| छिमेकी भएकोले | ५ | ९.६ |
| प्रेम गरेको नाटक | ३ | ५.८ |
| राति मोटरसाइकल लिफ्ट | ३ | ५.८ |
| पीडित अपाङ्गता भएकाले | ३ | ५.८ |
| मेलापर्वबाट फर्कँदै गर्दा | ३ | ५.८ |
| उपचार गर्न लाने बहाना | २ | ३.८ |
| प्रलोभनमा पार्नु | १ | १.९ |
| पढाउने निहुँ गर्नु | १ | १.९ |
| राति घरबाहिर ट्वाइलेट जानु | १ | १.९ |

| | | |
|---|---|---|
| एकै घरमा भाडामा बस्नु | १ | १.९ |
| उल्लेख नभएको | ११ | २१.२ |
| जम्मा | ५२ | १००.०० |

२०७७ साल असार १ गतेदेखि मङ्सिर ३० गतेसम्मका कान्तिपुर दैनिक पत्रिका ।

तालिका ११ अनुसार बलात्कारसम्बन्धी सूचनामा बलात्कारको कारण उल्लेख नभएको २१.२% छ भने अरूमा केही कारणहरू उल्लेख भएका छन् । बलात्कारका घटना घटित हुनुका कारणहरू मादक पदार्थ सेवन, अधिक यौन उत्तेजना, छिमेकी भएको कारण, प्रेम गरेको नाटक, राति मोटरसाइकलमा लिफ्ट, पीडित अपाङ्गता हुनु, मेला पर्वमा गई फर्कदा, उपचार गर्ने लाने बहाना, प्रलोभनमा पार्नु, पढाउने निहुँ गर्नु, राति घरबाहिर ट्वाइलेट जानु, एकै घरमा भाडामा बस्नु आदि उल्लेख भएका छन् । धेरैजसो छापिएका सूचनाहरूमा बलात्कारका कारण मादक पदार्थ सेवन गर्नु रहेको छ । यसको% २३.१ छ । यौन उत्तेजना अति हुनुको कारणले दोस्रो स्थान प्राप्त गरेको छ । मादक पदार्थ सेवन गरेपछि एक प्रकारको आँट तथा अपराधजन्य प्रवृत्तिप्रति उक्साउन सहयोग गर्न सक्छ साथै भावी दण्डसजाय र जोखिमप्रतिको सोचाइ शून्य बनाउन सक्छ । बलात्कार हुनुका कारणमा आधुनिक प्रविधि मोबाइल, ल्यापटपमा अश्लील तस्विर हेर्नु रहेको केही अनुसन्धानमा उल्लेख भए पनि यहाँ त्यो कुरा कारणका रूपमा प्रस्तुत भएको छैन ।

तालिका १२, *पीडितको उमेरका आधारमा बलात्कार प्रकारको विवरण*

| पीडितको उमेर वर्षमा | बलात्कारको प्रकार | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| | सामूहिक बलात्कार | एकल बलात्कार | उल्लेख नभएको | | |
| ०-५ | | १ | | १ | १.९ |
| ५-१० | | ७ | १ | ८ | १५.३८ |
| १०-१५ | ५ | १२ | २ | १९ | ३६.५४ |
| १५-२० | १० | ६ | | १६ | ३०.७७ |
| २०-२५ | १ | १ | | २ | ३.८५ |
| २५-३० | - | - | - | - | - |
| ३०-३५ | | १ | | १ | १.९२ |
| ३५-४० | १ | १ | | २ | ३.८५ |
| ४०-४५ | | २ | | २ | ३.८५ |
| उमेर नखुलेको | १ | | | १ | १.९२ |
| जम्मा | १८ (३४.६%) | ३१(५९.६%) | ३(५.८%) | ५२ | १००.०० |

२०७७ साल असार १ गतेदेखि मङ्सिर ३० गतेसम्मका कान्तिपुर दैनिक पत्रिका ।

तालिका १२ मा उमेर र बलात्कारका प्रकार दुई चलहरूलाई उल्लेख गरिएको छ । १०-१५ वर्ष उमेर समूहका बालिकाले सामूहिक बलात्कार घटना धेरै सामना गर्नु परेको छ । एकल बलात्कारको विविध उमेर समूहका बालिकामा भएको छ । ज्यादै कम उमेर ५ वर्षभन्दा मुनिको बालिकालाई एकल रूपमा बलात्कार

गरिएको छ । सामूहिक बलात्कारका घटना ३४.६% रहनु भनेको ब्रोनमलिर (सन् १९७५) ले भने झैँ पुरुषले स्त्रीको सम्पूर्ण शरीरको नियन्त्रण गरी फाइदा लिइरहेका छन् । यसर्थ पुरुषहरूको स्त्रीहरू माथिको महान् विजयका रूपमा सामूहिक बलात्कार गरेको तर्क गर्न सकिन्छ ।

## निष्कर्ष

बलात्कारका घटनाहरू एक जटिल सामाजिक समस्याको रूपमा स्थापित हुँदै गएको छ । समाज बलात्कारी जन्माउँछ, बलात्कारका घटना घटाउँछ र बलात्कृत स्त्रीलाई सामाजिक बलात्कार गरिरहन्छ । यो विकराल र भयावह अवस्थालाई सामाजिक नियन्त्रणका माध्यमबाट न्यूनीकरण नगर्ने हो खराब समाज विकसित हुँदै जान्छ । सभ्य समाज निर्माण कार्य पछि धकेलिँदै जान्छ । सामाजिक न्यायलाई दह्रो रूपमा नेपाली समाजमा स्थापित गर्न सके बलात्कृत भएका चेलीबेटीहरूको शिर उँचो हुन सक्छ र वास्तवमै स्त्री सशक्त भएको मान्न सकिन्छ र स्त्री शक्ति प्राप्ति भई लैङ्गिक समता स्थापित हुँदै जान्छ । वर्तमान सन्दर्भमा नेपालमा बालिकादेखि महिलासम्मले बलात्कृत हुनु परेको अवस्था, बालकदेखि वृद्धसम्म बलात्कारी भएको अवस्था, बाबु, दाजुभाइ, हजुरबुबादेखि छिमेकी, नाता, नचिनेकासम्मले बलात्कार गरेको अवस्था छ । यस्ता घृणित कार्यहरूले सधैँ बलात्कारी समाज बनाउन प्रेरित गरिरहन्छ । यसर्थ, बलात्कारीलाई सामाजिक आदर्शता र मूल्यमान्यताबाटै निषेधात्मक व्यवस्था गर्न सक्नुपर्छ । स्त्री विरोधी आदर्शता, धर्मग्रन्थ, संस्कारलाई तत्काल परिवर्तन गरी सामाजिक तहबाटै बलात्कारजन्य अपराधलाई शून्य बनाउन सकिन्छ । बलात्कृत स्त्रीहरूलाई समाजले सम्मान र इज्जत दिई पुनर्स्थापना गराउनु पर्छ । समाजले बलात्कार गर्ने पुरुषको इज्जत तथा मानमर्यादालाई ह्रास गर्दैन भने पुरुष सधैँ बलात्कार गर्न उद्यत भइरहन्छ । बलात्कारीलाई सामाजिक बेइज्जत र सामाजिक अलगावा गर्न सके मात्र बलात्कारजन्य घटना ह्रास हुँदै जान्छ । पुरुषको हैकम र सत्तामा स्त्रीहरूलाई सदैव दबाइराख्दा केवल महिलाहरू पुरुषहरूको अभिलाषा पुरा गर्ने वस्तु मात्र बन्दै जान्छन् र वस्तुलाई जे गरे पनि हुन्छ भन्ने पुरुषत्व आई बलात्कार जस्तो जघन्य अपराध गर्न तत्पर हुन्छन् । यही आदर्शता र मान्यता भावी पुस्तामा हस्तान्तरित हुँदै जान्छ । स्त्रीहरूले बलात्कारीको सिकार बन्नुपर्ने हुन्छ । यसरी हिंस्रक पुरुषले स्त्रीहरूलाई जीवनभरि मानसिक, सामाजिक तथा शारीरिक पीडा दिइरहन्छन् । सामाजिक नैतिकता र आज्ञालाई दर्बिलो बनाउने हो भने पनि बलात्कारको घटनालाई न्यूनीकरण गर्न सकिन्छ । समाजशास्त्री इमाइल दुर्खिमको विचार 'मूल्यमान्यताको प्रकार्य कम भएको बेला अपराध घटना घट्छन्, अपराधले सामाजिक जीवनमा निश्चित प्रकार्य गरी मूल्य मान्यतालाई प्रस्ट पार्छ र यसको सुनिश्चितता गर्छ । अपराधसँग लड्नका लागि सबैलाई एकत्रित गरी सकारात्मक कार्य गरिरहेको हुन्छ' लाई आधार मान्दै सामाजिक नैतिकता तथा मूल्यमान्यता बलात्कार विरुद्ध वा पुंसत्व विरुद्ध स्थापित गरी बलात्कारलाई न्यूनीकरण गर्न सकिन्छ । यसै गरी समाजशास्त्री आर. के. मर्टनको स्ट्रेन सिद्धान्तले सांस्कृतिक रूपले परिभाषित आर्थिक सफलता प्राप्त गर्न नसक्दा आउने विचलनले अपराध कार्य हुन्छ भनेका छन् । यस अर्थमा सांस्कृतिक रूपले परिभाषित जीवन सफलतालाई परिवर्तन गरी बलात्कारका घटनाहरूलाई न्यूनीकरण गर्न सकिन्छ ।

'समृद्ध नेपाल सुखी नेपाली' दूरदृष्टिलाई साकार पार्न आधाभन्दा बढी जनसङ्ख्या ओगटेका स्त्रीहरूमा सुरक्षाको सुनिश्चितता हुन जरुरी छ । बलात्कारीको सिकार हुनबाट स्त्रीहरूलाई बचाउन सकिने नीति तथा ऐन ल्याई समाजमा स्त्रीलाई निर्धक्क बाँच्ने सक्ने बनाउनु नै आजका आम नेपालीको खुसी र सुख हो ।

## सन्दर्भसूची

Ahrens, C. E. & Campbell, R. (2000). Assisting rape victims as they recover from rape: The

impact on friends. *Journal of Interpersonal Violence*, 15, 959-986.

Amir, M. (1971). Patterns in forcible rape. Chicago, IL. University of Chicago.

Bagely, C., Boligtho, F. & Bertrand, L. (1997). Sexual assault in school, mental health and suicidal behaviors in adolescent women in Canada. *Adolescence*, 1997, 32:361-366.

Bourgois, P. (1996). *In search of masculinity: violence, respect and sexuality among Puerto*.

Brownmiller, S. (1975). *Against our will: Men, women, and rape*. New York, NY: Simon and Schuster.

Bryden, D. P., & Grier, M. M. (2011). The search for rapists' 'real' motives. *The Journal of Criminal Law & Criminology*, 101, 171–278.

Ceneda, S. (2001). *No upright words: The human rights of women in Kenya*. Retrieved from www.asylumaid.uk.

Harkins, L. & Dixon, L. (2013). A multi-factorial approach to understanding multiple perpetrator sexual offending. In J. Wood & T. Gannon (Eds.) *Crime and crime reduction: The importance of group processes* (pp. 75-95). New York: Routledge.

Knight, R. A. (1999). Validation of a typology for rapists. *Journal of Interpersonal Violence,* 14, 303–330.

Lonsway, K. A., & Fritzgerald, L. F. (1994). Rape myths in review. *Psychology of Women Quarterly*, 18, 133-164. doi: 10.1111/j.1471-6402.1994.tb00448.x

Manhart, M. A., & Rush, F. (1974). New York radical feminists manifesto. In N. Connell & C. Wilson (Eds.), *Rape: The first sourcebook for women* (pp. i–ii). New York, NY: New American Library.

Sanday, P. (2007). *Fraternity gang rape: Sex brotherhood, and privilege on campus*, (2nd ed). New York: New York University Press.

Saulnier, C. F. (1996). *Feminist theories in social work: Approaches and applications*. New York, NY: The Haworth Press.

SScully, D. (1990). *Understanding sexual violence. Boston*. MA: Unwin Hyman.

Thio, A. (2010). *Deviant behaviour*. Boston: Allyn & Bacon.

Ward, E. (1982). Rape of the girl-children by male family members. *Austrain & New Zealand Journal of Criminology*, 15 (2), 90-99.

कान्तिपुर पब्लिकेसन प्रा. लि. (२०७७). *कान्तिपुर दैनिक पत्रिका असार १ गतेदेखि मङ्सिर ३० गतेसम्म*।

नेपाल कानुन आयोग. (२०७४). *मुलुकी अपराध (संहिता) ऐन, २०७४.* काठमाडौं: कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय ।